**दफा १८ को उपदफा (६) संग सम्बन्धित**
**कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित**
**(शेयरहरुमा सिमीत दायित्व भएको)**

# विद्युत उत्पादन कम्पनी लिमिटेड

## प्रबन्धपत्र, २०७३

१. **कम्पनीको नाम :** यस कम्पनीको नाम **"विद्युत उत्पादन कम्पनी लिमिटेड"** हुनेछ, जसलाई अंग्रेजीमा "VIDHYUT UTPADAN COMPANY LIMITED" भनिनेछ । जसलाई यस पछि "कम्पनी" भनी सम्बोधन गरिनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना : (१)** कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला काठमाडौं महानगरपालिका भित्र रहनेछ । आवश्यकता अनुसार सम्वन्धित निकायबाट स्वीकृती लिई अन्य स्थानमा समेत शाखा उपशाखा खोल्न वा सार्न सकिनेछ ।

(२) कम्पनी रजिस्टर्ड कार्यलयको अनुमति लिई अन्य स्थानमा कम्पनीको रजिस्टर्ड कार्यलय स्थानान्तरण गर्न सकिने छ ।

(३) आवश्यकता अनुसार स्वीकृती लिनु पर्ने भए सम्वन्धित निकायबाट स्वीकृती लिई अन्य स्थानमा समेत शाखा उपशाखा खोल्न वा सार्न सकिनेछ ।

३. **कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृति :** यस कम्पनीले गर्ने व्यवसाय बिद्युत उत्पादन गरि बिकि गर्ने सम्बन्धी हुनेछ ।

४. **कम्पनीको उद्देश्यहरु :** (१) यस कम्पनीको उदेश्यहरु देहाय बमोजिम हुनेछ ।

(क) प्रचलित कानून बमोजिम अनुमतिपत्र प्राप्त गरी नेपाल सरकारले आफैले विकास गर्ने भनि छुट्याईएका जलबिद्युत आयोजनाहरुको सर्वेक्षण, निर्माण, उत्पादन, संचालन र व्यवस्थापन गर्ने ।

(ख) जलबिद्युत आयोजना निर्माणका लागि जलबिद्युत आयोजनाहरुको पहिचान गरि आवश्यकता अनुसार सर्वेक्षण, निमार्ण, उत्पादन, संचालन र व्यवस्थापन गर्ने ।

(ग) जलश्रोत बाहेक अन्य श्रोतको पहिचान गरी आवश्यकता अनुसार विद्युत आयोजनाको सर्वेक्षण, निर्माण, उत्पादन, संचालन र व्यवस्थापन गर्ने ।

(घ) आयोजनाबाट उत्पादित विद्युत शक्ति एकमुष्ट बिकि बितरणका लागि आबश्यक पर्ने सव स्टेशन तथा प्रशारण लाईनहरु निर्माण गर्ने ।

(ङ) आयोजनाबाट उत्पादित विद्युत शक्ति एकमुष्ट बिकि बितरणका लागि देशीय तथा अन्तरदेशीय विद्युत खरिद कर्ताहरुसंग विद्युत विकी संझौता गर्ने ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त गरी मात्र कार्यान्वयन गर्नेछ ।

(३) उपदफा (१) मा उल्लेखित उद्देश्यहरुको कार्यान्वयन सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र (१५) दिन भित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कम्पनी रजिष्ट्रारको कार्यालय (यसपछि कार्यालय भनिएको) मा पेश गरिनेछ ।

५ **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :** यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ :-

(१) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

(२) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्तहरु निर्धारण गर्ने ।

(३) कम्पनीको नाममा बैंक खाता खोल्ने र सञ्चालन गर्ने ।

(४) कम्पनीलाई आवश्यक पर्ने रकम नेपाल सरकार, बहुपक्षिय तथा क्षेत्रिय तहका वित्तिय संस्थाहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय बैंक वा वित्तीय संस्था वा अन्य कुनै बित्तिय कारोबार गर्ने लगानी कम्पनीबाट कम्पनीले कुनै धितो राखी वा नराखी कर्जा लिने । तर अन्तराष्ट्रिय बैंक वा वित्तीय संस्था वा अन्य कुनै बित्तिय कारोबार गर्ने लगानी कम्पनीबाट कम्पनीले कर्जा लिन अर्थ मन्त्रालयको सहमति माग गर्ने ।

(५) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरीद गर्ने तथा त्यसलाई विक्री गर्ने ।

(६) कम्पनीको सम्पति आबश्यकता अनुसार भाडा, पट्टा, (लिज) वा अन्य कुनै तरिकाबाट उपभोग गर्न दिने वा हक हस्तान्तरण गरी बिकि बितरण गर्ने ।

(७) कम्पनीलाई आकस्मीक क्षतिबाट बचाउन कम्पनीको मेसिनरी, भवन लगायत सबै प्रकारका सम्पत्तिहरुको आवश्यकतानुसार विमा गराउने ।

(८) पहिचान गरिएका विद्युत आयोजनाहरु निर्माणका लागि आवश्यक अध्ययन तथा सर्वेक्षण गर्ने गराउने ।

(९) विद्युत आयोजनाहरुको निर्माण तथा संचालनको लागि आवश्यक अनुमतिपत्रहरु प्राप्त गर्ने ।

(१०) आयोजनाको सम्भाव्यता, सर्वेक्षण, निर्माण आदिको लागि आवश्यकता अनुसार परामर्शदाता, ठेकेदार तथा आपूर्तिकर्ता कम्पनीको आर्थिक विनियमावली अनुरुप नियुक्त गर्ने गराउने ।

(११) आयोजनाहरुबाट उत्पादित बिद्युत शक्ति एकमुष्ट बिकि गर्नको लागि सम्बद्ध पक्षसंग बिद्युत बिकिको सम्झौता गर्ने ।

(१२) कम्पनीले विद्युत आयोजनाहरु निर्माणको क्रममा आवश्यक पर्ने वित्तिय श्रोत जुटाउन प्रचलित कानुनको अधिनमा रही कम्पनीको नाममा अग्राधिकार शेयर, बण्ड, डिवेन्चर, परिबर्तिय बित्तिय उपकरणहरु वा उर्जा ऋणपत्र जारी गरी ऋण उठाउने ।

(१३) विद्युत आयोजनाहरुको निर्माण पश्चात संचालन र व्यबस्थापन गर्ने गराउने ।

(१४) कम्पनीको उदेश्य प्राप्तीको लागि कम्पनीको उद्देश्यसंग मिल्दो जुल्दो कार्यमा संलग्न व्यक्ति, फर्म वा कम्पनीसंग मुनाफा बाड्ने गरी सम्झौता वा संयुक्त उपक्रमको आधारमा लगानी तथा सहभागितामा काम गर्ने ।

(१५) कम्पनीको उद्देश्य प्राप्तिको लागि लगानी व्यवस्थापन गरी आयोजना विकास गर्न छुट्टै सहायक कम्पनी खोल्ने वा अन्य वित्तिय संस्थाहरुलाई सहभागी गराउने वा समान उद्देश्य भएका स्वदेशी तथा विदेशी कम्पनीहरुसंग रणनीतिक साझेदारी गरी काम गर्ने ।

(१६) कम्पनीको उद्देश्य प्राप्तिको लागि विवरणपत्र प्रकाशित गरी कम्पनीको शेयर सर्वसाधारण तथा आयोजना प्रभाबित क्षेत्रका बासिन्दालाई बिकि बितरण गर्ने ।

(१७) विद्युत आयोजनाहरु संचालन हुने जिल्लाहरुमा वा आयोजना प्रभाबित क्षेत्रमा सामाजिक, आर्थिक बिकासको कामहरु गर्ने ।

(१८) नेपाल भित्र कम्पनीको शाखा कार्यालय स्थापना गर्नु परेमा त्यस्तो कार्यलय स्थापना गर्ने ।

(१९) कम्पनीको व्यबसाय संचालनको लागि आबश्यक पर्ने अन्य सवै प्रकारका कार्यहरु गर्ने ।

६. **कम्पनीको पूँजीको संरचना :** कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

(१) कम्पनीको अधिकृत पूंजी रू. २०,००,००,००,०००/- (अक्षरेपी बीस अरब) हुनेछ। सो पूँजीलाई रु. १००/- (एक सय रुपैयाँ) दरका २० करोड थान साधारण शेयरमा विभाजन गरिएको छ।

(२) कम्पनीको तत्काल जारी पूजी रू. १०,००,००,००,०००/- (अक्षरेपी दश अर्व) हुनेछ । सो पूँजीलाई रु.१००/- (एक सय रुपैया) दरका १० करोड थान साधारण शेयरमा विभाजन गरिएको छ।

(३) कम्पनीको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल पूजि रु. २,००,००,००,०००/- ( अक्षरेपी दुई अर्व) हुनेछ । सो पूँजीलाई रु.१००/- (एक सय रुपैया) दरका २ करोड थान साधारण शेयरमा विभाजन गरिएको छ।

(४) सस्थापक शेयरधनीहरुलाई समुह "क" र "ख" मा बर्गिकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ७१ प्रतिशत हुनेछ। यो समुहमा निम्न लिखित शेयरधनी रहनेछन्।

| क्र. सं. | संस्थापकको नाम | स्वामित्व प्रतिशत | लिन कबूल गरेको शेयर संख्या (कित्ता) | तत्काल चुक्ता गर्न कबूल गरेको शेयर संख्या (कित्ता) |
|---|---|---|---|---|
| | **समूह "क"** | | | |
| १. | नेपाल सरकार, उर्जा मन्त्रालय | २० | ४०,०००,००० | ४,०००,००० |
| २. | नेपाल सरकार, अर्थ मन्त्रालय | ५ | १०,०००,००० | १,०००,००० |
| ३ | नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ५ | १०,०००,००० | १,०००,००० |
| | **समूह "ख"** | | | |
| ४. | नेपाल विद्युत प्राधिकरण | १० | २०,०००,००० | २,०००,००० |
| ५ | कर्मचारी सञ्चयकोष | १० | २०,०००,००० | २,०००,००० |
| ६ | नागरिक लगानी कोष | ५ | १०,०००,००० | १,०००,००० |
| ७. | जलबिद्युत लगानी तथा बिकास कम्पनी लिमिटेड | ४ | ८,०००,००० | ८००,००० |
| ८ | नेपाल दूर संचार कम्पनी लिमिटेड | १० | २०,०००,००० | २,०००,००० |
| ९. | राष्ट्रिय बिमा संस्थान | २ | ४,०००,००० | ४००,००० |
| | **जम्मा** | **७१** | **१,४२,०००,०००** | **१४,२००,०००** |

(५) सर्बसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयर धनीलाई समुह (ग) मा बर्गीकरण गरिएको छ । यो समुहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको २९ प्रतिशत हुनेछ । यो समुहलाई देहायबमोजिम ३ वटा उपसमुहमा बिभाजन गरिएको छ : *

| क्र. सं. | उपसमुहको नाम | प्रतिशत | छुट्याईएको शेयर संख्या (कित्ता) |
|---|---|---|---|
| १. | सर्वसाधारण नागरिक | १७ | ३४,०००,००० |
| २. | आयोजनाहरु प्रभाबित जिल्लाका स्थानीय बासिन्दा | १० | २०,०००,००० |
| ३ | अति विपन्न परिवार | २ | ४,०००,००० |
| | **जम्मा** | **२९** | **५८,०००,०००** |

कम्पनीले पहिचान गरेका सवै आयोजनाहरुको क्षमता तथा लागतलाई आधार मानि कम्पनीको शेयर कायम गरिनेछ । प्रभाबित जिल्लामा बन्ने आयोजनाको कूल लागतको आधारमा तत् तत् प्रभावित जिल्लाका वासिन्दालाई छुट्याईएको १० प्रतिशत शेयरलाई बाडेर निस्काशन गरिनेछ ।

समूह ग अन्तर्गत छुट्याईएको शेयर सहुयित दरमा सरकारले अति विपन्न भनी वर्गीकरण गरिएका परिवारलाई सहुलियत दरमा दिईने छ । यसरी सहुलियत दिएको रकम सरकारले कम्पनीलाई पूर्ति गरि दिनेछ ।

(६) जुन समुह, उपसमुहको शेयर खरिद गरेको हो सो खरिद गर्ने ब्यक्ति/संस्था/निकायलाई सोहि समुह, उपसमुहमा राखिनेछ ।

(७) प्रचलित कानुनको अधिनमा रहि कम्पनीले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ ।

७. **कम्पनीको शेयरको किसिम** : कम्पनीले दुई किसिमको शेयरको व्यवस्था गरेको छ ।

(१) साधारण शेयरः कम्पनीको २० करोड शेयर संख्या हुनेछ । साधारण शेयरको अंकित मूल्य १०० (एक सय) रुपैंयां हुनेछ ।

(२) अग्राधिकार शेयरः कम्पनीले आवश्यकता अनुसार अग्राधिकार शेयर जारी गर्न सक्नेछ ।

(३) अग्राधिकार शेयर जारी गरेको अवस्थामा कम्पनीले व्यापारिक उत्पादन प्रारम्भ गरेको पांच वर्षपछि अग्राधिकार शेयरलाई साधारण शेयरमा परिणत गर्न सकिनेछ ।

८. **शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा :** (१) कम्पनीले आयोजनाहरुको निर्माण तथा संचालन गर्ने क्रममा कम्पनी ऐन, २०६३ को अधिनमा रही अधिकृत पुंजी तथा जारी पुंजी बृद्धि गर्न र साधारण शेयर बिक्री गरी पुजी उठाउन सक्नेछ । तर त्यसरी शेयर बिक्री गर्दा दफा ६ को (५) बमोजिम जारी पुंजीको १७ प्रतिशत सर्वसाधारण नागरिक, १० प्रतिशत आयोजनाहरुबाट प्रभावित जिल्लाका स्थानीय बासिन्दा र २ प्रतिशत नेपाल राज्यभरका अति बिपन्न परिवारका निमित्त सुरक्षित गरिनेछ । *

(२) कम्पनीले प्रचलित कानूनको अधिनमा रहि आफ्नो शेयर व्यक्ति, फर्म वा संगठित संस्थालाई बिक्री गर्न सक्नेछ ।

तर संस्थापक शेयर धनीले शेयर विकी गर्दा जुन समूहको शेयर विकी गरेको हो सो समूहका अन्य शेयर धनीले शेयर खरिद गर्न ईच्छा व्यक्त गरे सम्म अन्य व्यक्तिलाई विकी गर्न सकिने छैन ।

(३) कम्पनीको शेयर चल सम्पति सरह प्रचलित कानूनको अधिनमा रहि खरिद बिक्री वा हक हस्तान्तरण गर्न सकिनेछ ।

---

*२०७३।११।२० को प्रथम बार्षिक साधारण सभाबाट संशोधन

९. **शेयरको रकम भुक्तानीका शर्तहरु :** शेयरको रकम भुक्तानी सम्बन्धी शर्तहरु देहाय बमोजिम हुनेछ :

(१) कम्पनीले आफ्नो आवश्यकता अनुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ ।

(२) कम्पनीले माग गरेको रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

(३) शेयर बापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समय अवधि भित्र बुझाउने थप म्याद माग गर्ने र कम्पनीले म्याद दिने जस्ता कुराहरु नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **दायित्व सीमित हुने** : यस कम्पनीको कारोवारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ ।

तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन ।

११. **अन्य आवश्यक कुराहरु :** (१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नु पर्नेछ ।

(२) संस्थापक वा अन्य कुनै व्यक्तिले शेयरको रकम नगदमा नै कम्पनीको बैक खातामा जम्मा गरी बुझाउनु पर्नेछ ।

(३) कम्पनीले कारोबार शुरु गर्दाको बखतमा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गरेको छैन ।

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने व्यबस्था गरिएको छैन ।

(५) आयोजनाहरुमा प्रभावित जिल्लाका बासिन्दाहरुलाई छुट्याईएको शेयर धितोपत्र बजारमा सुचिकृत भएको मितिदेखि तिन बर्षसम्म बिक्री वा हस्तान्तरण गर्न नसकिने गरी बन्देज गरिएको छ ।

१२. **कम्पनीको प्रकृति अनुरुप अन्य थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने** : अन्य व्यवस्था गर्न आवश्यक नभएको ।

१३. **प्रबन्धपत्र संशोधन भएमा लागू हुने अवस्था :** यस प्रबन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ ।

१४. **प्रवन्धपत्र बाझिएको हदसम्म अमान्य हुने :** यस प्रवन्धपत्रमा लेखिएका कुरा कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

१५. **संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या :** हामी **"विद्युत उत्पादन कम्पनी लिमिटेड"** का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुटा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो, झुटा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छ भनी सहिछाप गरेका छौ ।

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकता प्रमाण पत्र नं र नगरिकता प्राप्त गरेको जिल्ला/विदेशी भए राहदानी न. | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, वतन र सहिछाप | साक्षीको नागरिकता प्रमाण पत्र नं र जिल्ला |
|---|---|---|---|---|---|
| सहि :<br>नेपाल सरकार, उर्जा मन्त्रालयको तर्फबाट कोशल चन्द्र सुवेदी, सहसचिव<br>ठेगाना :- ऊर्जा मन्त्रालय, सिंहदरबार, का.म.न.पा. वडा नं. ३२<br>फोन नं. :- ४२११५१६<br>फ्याक्स :- ४२११५१०<br>पो.व.नं. :-<br>इमेल :-<br>छाप | | ............................ | ४०,०००,००० थान कित्ता | दस्तखतः–<br>नाम :- प्रल्हाद प्रसाद सापकोटा, उपसचिव<br>ठेगाना :- ऊर्जा मन्त्रालय, सिंहदरबार, का.म.न.पा. वडा नं. ३२<br>दा.<br>वा. | .......................... |
| सहि :<br>नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट दयानन्द के.सी., शाखा अधिकृत<br>ठेगाना :- अर्थ मन्त्रालय, सिंहदरबार, का.म.न.पा. वडा नं. ३२<br>फोन नं. :- ४२११८०१<br>फ्याक्स :- ४२१११६४<br>पो.व.नं. :-<br>इमेल :-<br>छाप | | ............................ | १०,०००,००० थान कित्ता | दस्तखतः–<br>नाम :- विश्वराज नेपाल, उपसचिव<br>ठेगाना :- ऊर्जा मन्त्रालय, सिंहदरबार, का.म.न.पा. वडा नं. ३२<br>दा.<br>वा. | .......................... |

| | | | | | |
|---|---|---|---|---|---|
| सहि :<br><br>नेपाल सरकार, कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालयको तर्फबाट महेन्द्रप्रसाद साँखी, उपसचिव<br><br>ठेगाना :- कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, का.म.न.पा. वडा नं. ३२<br>फोन नं. :- ४२११९८७<br>फ्याक्स :- ४२११६८४<br>पो.व.नं. :-<br>इमेल :-<br><br>छाप | | ............................ | १०,०००,००० थान कित्ता | दस्तखतः–<br>नाम :- गोकर्ण राज पन्थ,<br>सि.डि.इ.<br>ठेगाना :- ऊर्जा मन्त्रालय, सिंहदरबार, का.म.न.पा. वडा नं. ३२<br><br>दा.<br>वा. | .......................... |
| सहि :<br><br>नेपाल विद्युत प्राधिकरणको तर्फबाट कुलमान घिसिङ, कार्यकारी निर्देशक<br><br>ठेगाना :- दरबारमार्ग, काठमाडौं, का.म.न.पा. वडा नं.<br>फोन नं. :- ४१५३००७<br>फ्याक्स :- ४१५३००९<br>पो.व.नं. :-<br>इमेल :-<br><br>छाप | | ............................ | २०,०००,००० थान कित्ता | दस्तखतः–<br>नाम :- गोपाल कडरिया, शाखा अधिकृत<br>ठेगाना :- ऊर्जा मन्त्रालय, सिंहदरबार, का.म.न.पा. वडा नं. ३२<br><br>दा.<br>वा. | .......................... |

| | | | | | |
|---|---|---|---|---|---|
| सहि :<br><br>कर्मचारी सञ्चयकोषको तर्फबाट कृष्ण प्रसाद आचार्य, प्रशासक<br><br>ठेगाना :- पुल्चोक, ललितपुर,<br>फोन नं. :- ५०१०१६५<br>फ्याक्स :- ५०१०२३०<br>पो.व.नं. :- ११८०<br>इमेल :-<br><br>छाप | | | २०,०००,००० थान कित्ता | दस्तखतः–<br>नाम :- राजेन्द्र काफ्ले, मुख्य अधिकृत, कर्मचारी सञ्चय कोष<br>ठेगाना :- पुल्चोक, ललितपुर<br><br>दा.<br>वा. | |
| सहि :<br><br>नागरिक लगानी कोषको तर्फबाट रामकृष्ण पोखरेल, कार्यकारी निर्देशक<br><br>ठेगाना :- का.म.न.पा., नयाँ बानेश्वर, काठमाडौं, वडा नं. १०<br>फोन नं. :- ४७८५७८४<br>फ्याक्स :- ४७८४९४५<br>पो.व.नं. :- ५८२३<br>इमेल :-<br><br>छाप | | ............................ | १०,०००,००० थान कित्ता | दस्तखतः–<br>नाम :- छविरमण अधिकारी<br>ठेगाना :- नागरिक लगानी कोष, का.म.न.पा., नयाँ बानेश्वर, काठमाडौं, वडा नं. १०<br><br>दा.<br>वा. | .......................... |

| | | | | | |
|---|---|---|---|---|---|
| सहि :<br><br>जल बिद्युत बिकास तथा लगानी कम्पनी लि.को तर्फबाट दिपक कुमार रौनियार, प्रमुख कार्यकारी अधिकृत<br>ठेगाना :- बबरमहल, काठमाण्डौ, का.म.न.पा. वडा नं.<br>फोन नं. :- ४२५७०२५<br>फ्याक्स :- ४२६१०६०<br>पो.व.नं. :- १३३५२<br>इमेल :- info@hidcl.org.np<br>कम्पनीको छाप | | रजिष्ट्रेशन नं. १३००/०६७/०६८<br><br>कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौ | ८,०००,००० थान कित्ता | दस्तखतः–<br>नाम :- शोभा घिमिरे, शाखा अधिकृत<br>ठेगाना :- ऊर्जा मन्त्रालय, सिंहदरबार, का.म.न.पा. वडा नं. ३२<br><br>दा.<br>वा. | ......................... |
| सहि :<br><br>नेपाल दूर संचार कम्पनी लिमिटेडको तर्फबाट कामिनी राजभण्डारी, प्रबन्ध निर्देशक<br>ठेगाना :- भद्रकाली प्लाजा, काठमाडौं<br>फोन नं. :- ४२४३४४४<br>फ्याक्स :-<br>पो.व.नं. :-<br>इमेल :-<br><br>कम्पनीको छाप | | ............................ | २०,०००,००० थान कित्ता | दस्तखतः–<br>नाम :- सूर्य भक्त पोखरेल, प्रमुख वित्तीय अधिकृत<br>ठेगाना :- भद्रकाली प्लाजा, काठमाडौं<br><br>दा.<br>वा. | ......................... |

| | | | | | |
|---|---|---|---|---|---|
| सहि :<br><br>राष्ट्रिय बिमा संस्थानको तर्फबाट प्रेमराज भट्ट, सहायक प्रशासक<br><br>ठेगाना :- रामशाह पथ<br>फोन नं. :- ४२६२५५०<br>फ्याक्स :- ४२६२६१०<br>पो.व.नं. :-<br>इमेल :-<br><br>कम्पनीको छाप | | ............................ | ४,०००,००० थान कित्ता | दस्तखतः–<br>नाम :- उद्धव प्रसाद ढुंगाना, शाखा अधिकृत<br>ठेगाना :- ऊर्जा मन्त्रालय, सिंहदरबार<br><br>दा.<br>वा. | .......................... |